६०३।३१५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ११९/२०७१/०७२
निर्णय नं.३१५

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम ,थापाथली, काठमाण्डौ बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल.....................................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख (सचिव), उद्योग मन्त्रालय, सिंहदरवार, काठमाण्डौ............................१ विपक्षी
सूचना अधिकारी, उद्योग मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ....................................१

विषय :- तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भै हाल फ्रिडम फोरम, थापाथली, पो.व.नं. २४२९२ काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताललले उद्योग मन्त्रालय, सिंहदरवार, काठमाण्डौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगबाट मिति २०७१।०९।०१ मा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भएको । उपर्युक्त अवस्था पछि लामो समयसम्म पनि निवेदकले सूचना पाईन भनी उजुरी नगरेकोले भविष्यमा निजले सूचना प्राप्त नभएको भनी उजूरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुंदा हाललाई प्रस्तुत मिसिल तामेलीमा राखिएको छ । निवेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्बत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम ।